असल संस्कार र समृद्धिका लागि एनएमसी

# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

**NMC-COOP**

**कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा**

## निर्माण सामाग्री साथै निर्माण कर्मी (ठेकेदार) आवश्यकता सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२।१२।१७

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. द्धारा सञ्चालित एनएमसी सहकारी पसलमा करिव ३००० वर्गफिट क्षेत्रफलमा स्टोर निर्माण गरिने भएको हुँदा तपसिलका बुँदामा रही इच्छुक कम्पनी, फर्म वा व्यक्तिले मिति **२०८२।१२।२५ गते बुधबार कार्यालय समय**भित्र उल्लेखित कागजातहरु सहित यस कार्यालयमा निवेदन पेश गर्न आव्हान गरिन्छ ।

**१. लेवर कन्ट्रयाक्टका आधारमा (निर्माण सामाग्री वाहेक) सिभिल कन्स्ट्रक्सनको हकमा :**

१.१. निर्माण गर्नुपर्ने संरचनाको मुख्य विवरण निम्न अनुसार रहेको छ ।

| क्र.स. | बिवरण | कैफियत |
|---|---|---|
| १. | संरचनाको क्षेत्रफल : लम्वाई ३२ मिटर, चौडाई १० मिटर,<br>जम्मा क्षेत्रफल : ३२० वर्ग मिटर (३४४५ बर्ग फिट), घरको मोहडा : उत्तर-दक्षिण | |
| २. | **फाउण्डेसन र कुर्सी लेवल**<br>● फाउन्डेसन (प्लिन्थ लेभल) : कुर्सि लेभलसम्म ४ फिट<br>● सिमेन्ट : ओपिसी/पिपिसी (फलाम प्रयोगमा ओपिसी)<br>● लिन्टल-बिम, सिल-बिम : पिलरबाट पिलरसम्म (झ्यालको तल र माथि एउटै लेभलमा) | |
| ३. | झ्याल : ६ ओटा (अल्मुनियम स्लाइडिङ झ्याल : 6*4 ft) साथै फलामको ग्रिल समेत | |
| ४. | घरको वाल/बेरा : ८ इन्च कंक्रिट ब्लकको वाल लगाउने, उचाई करिव १४ फिट | |
| ५. | सिलिङ : २०० वर्ग मिटर (सिमेन्टेड बोर्ड) | |
| ६. | प्लाष्टर :<br>● भित्री वालमा : प्लाष्टर सवै वालमा<br>● बाहिरी वालमा : उत्तर र पश्चिम वालमा मात्र | |
| ७. | रङरोगन :<br>● बालमा : प्लाष्टर गरेको भागमा मात्र (१ कोट प्राइमर, २ कोट इनामेल)<br>● फलाममा : च्यानल गेट र झ्यालको ग्रिलमा मात्र (१ कोट प्राइमर, २ कोट इनामेल) | |
| ८. | गेट : १ ओटा (चौडाई ६ फिट, उचाई ८ फिट : फलामको च्यानल गेट) | |

१.२. निर्माण सम्बन्धी सम्पूर्ण कार्य संस्थाले तयार गरेको इन्जिनियरिङ नापनक्सा बमोजिम सम्पन्न गर्नुपर्नेछ ।

१.३. इच्छुक कम्पनी, फर्म वा व्यक्तिले लिने पारिश्रमिक (Labour Cost) प्रति वर्ग फिट वा लमसम ठेक्का रकम उल्लेख गर्नुपर्नेछ ।

१.४. निर्माण गर्दा प्रयोग गरिने औजारहरु (बेल्चा, कोदालो, फिता, मिक्चर मेसिन, रोलर, सेटरिङका सामानहरु लगायत) तथा फुटकर सामाग्रीहरु ठेकेदारले व्यवस्था गर्नुपर्नेछ ।

१.५. निर्माण गर्दा प्रयोग गरिने निर्माण सामाग्रीहरु (रड, सिमेन्ट, इँटा, ब्लक, नदिजन्य सामाग्रीहरु आदि) संस्थाले उपलव्ध गराउने छ ।

**निर्माण सामाग्रीको हकमा :**

१.६. यस संस्थालाई आवश्यक निर्माण सामाग्रीहरु सिमेन्ट, रड, फलाम, टिन (जस्ता), ईंटा, कंक्रिट ब्लक, काँटी, वेल्डिङ रड, कलर, नदिजन्य सामाग्रीहरु आदि आवश्यक पर्नेछ ।

१.७. इच्छुक कम्पनी, फर्म (सप्लायर्स) ले माथि उल्लेखित निर्माण सामाग्रीहरुको भ्याट सहितको मुल्य उल्लेख गर्नुपर्नेछ ।

१.८. सप्लायर्सले सामाग्री एनएमसी सहकारी पसलको वितरण केन्द्र, शनिश्चरेमा ढुवानी गर्ने विषयमा शर्तहरु उल्लेख गर्नु पर्नेछ । जस्तै : ढुवानी गर्न सक्ने वा नसक्ने यदि सक्ने भए आवेदनमा ढुवानीको दररेट वा निशुल्क सो समेत खुलाउनु पर्नेछ ।

२. **अन्य शर्तहरु**

२.१. निवेदन पेश गर्दा कम्पनीको हकमा अद्यावधिक (Updated) कागजातहरु (कम्पनी दर्ताको प्रमाणपत्र, आ.व. ०८१।८२ को करचुक्ता प्रमाणपत्र, प्रोप्राइटरको नागरिकता) को प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने छ । तर व्यक्तिको हकमा नागरिकताको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

२.२. संस्थाले माग गरेका अन्य अद्यावधिक (Updated) कागजातहरु पेश गर्नु पर्नेछ ।

२.३. न्यूनतम दर रेट पेश गर्नेलाई प्राथमिकता दिइनेछ ।

२.४. पारिश्रमिक तथा सामाग्रीको भुक्तानी गर्दा नेपाल सरकारले तोकेको कर आकर्षित हुनेछ ।

२.५. निवेदन एनएमसी सहकारी पसलको वितरण केन्द्र, अर्जुनधारा-७, सहकारी पसल प्रधान कार्यालय, विर्तामोड-४ वा इमेल ठेगाना coopshopheadoffice@nmc.coop.np मा पासवर्ड लक गरि पेस गर्नु पर्नेछ ।

२.६. रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु दर्ता गरिने छैन ।

थप जानकारीका लागि : ९८५२६८९४१७/९८५२६८९४५९